FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

Ref:

**प्रेस विज्ञप्ति**

**N-02/013-15**

नयाँ संबिधान निर्माणका लागि आगामी मंसिर ४ गते हुन गइरहेको संबिधानसभा निर्वाचन शान्तिपूर्ण, भयरहित र ऐतिहासिक जनसहभागिता सहित सम्पन्न होस भनी शुभकामना ब्यक्त गर्दछौं ।

नयाँ संबिधान बनेपछि मात्र मुलुकमा स्थीरता हुने, मुलुक बिकाशको दिशामा अगाडी बढ्ने र गैरआवासीय नेपाली तथा प्रत्यक्ष बिदेशी लगानी आकर्षित गर्न सकिन्छ भन्नेमा बिश्वभर छरिएर रहेका हामी गैरआवासीय नेपालीहरुको बिश्वास रहेको छ । स्थीरता र सुशासन नभएसम्म मुलुक समृद्ध हुन नसक्ने र मुलुक समृद्ध नहुँदासम्म बिदेशमा बस्ने हामी नेपालीहरुले नेपाली भनेर गौरव गर्न सक्ने अबस्था नबन्ने हुँदा संबिधानसभाको असफलता र संबिधान निर्माणमा भइरहेको ढिलाईले हामीलाई सवैभन्दा बढि पिरोल्ने गरेको छ ।

त्यसैले संसारभरि रहनुभएका सम्पूर्ण गैरआवासीय नेपाली साथीहरुलाई नेपालमा रहनुभएका आफन्त र परिवाजनलाई चुनावमा सक्रिय सहभागी भई संबिधान निर्माणको प्रकृयामा सहयोग पुर्‍याउन आग्रह गर्न अनुरोध छ । नयाँ संबिधानले हामीले उठाउँदै आएको नेपाली नागरिकताको निरन्तरता र बिदेशमा बस्ने नेपालीहरुको मताधिकारको बिषयलाई सम्बोधन गर्ने हामीले बिश्वास लिएका छौं ।

अन्त्यमा, हामी सम्पूर्ण राजनीतिक दल, नेपाल सरकार र सम्बन्धित सवै पक्षलाई यो निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सफलता मिलोस भनी शुभकामना ब्यक्त गर्दछौं ।

शेष घले
अध्यक्ष
२२ कार्तिक २०७०

NRNA Secretariat, FNCCI Building Pachali Shahid Shukra FNCCI Milan Marga Teku, P.O Box 269, Kathmandu Nepal
Tel: (+977-1) 4215247 / 4262255, Fax: (+977-1) 4262255, Website: www.nrn.org.np